नेपाल सरकार
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
सिंहदरबार, काठमाडौं
(सङ्घीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा)

फोन नं.: ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

प.स. : २०८०।८१
च.नं ४६१

मिति- २०८०/०४/२५

विषय- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको
सम्पर्क व्यक्ति तोकिएको बारे ।

श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै) ।

उपर्युक्त सम्बन्धमा श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको प.सं. ०८०/०८१, च.नं. क.प्र./३६, मिति २०८०/०४/१४ को पत्रबाट अनुरोध भई आए बमोजिम जिल्ला समन्वय समितिका शाखा अधिकृतलाई देहाय बमोजिमको कार्य विवरण अनुसार जिम्मेवारी निर्वाह गर्ने गरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सम्पर्क व्यक्ति तोक्ने भनी यस मन्त्रालयबाट मिति २०८०/०४/२५ मा निर्णय भएको व्यहोरा जानकारी एवम् आवश्यक कार्यान्वयनको लागि अनुरोध छ ।

<u>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सम्पर्क व्यक्तिको कार्यविवरण</u>

- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय स्थानीय तहबीच सम्पर्क विन्दुको रुपमा कार्य गर्ने।
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट स्थानीय तहमा प्रवाह हुने सशर्त अनुदानका कार्यक्रमहरुको कार्यान्वयनमा सहजीकरण, अनुगमन र प्रतिवेदन गर्ने ।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवम् लैंगिक तथा यौनिक अल्पसंख्यकसँग सम्बन्धित विषयमा स्थानीय तहबाट हुने गरेका कार्यक्रमहरुमा आवश्यकता अनुसार सहजीकरण गर्ने तथा कानून बमोजिम अनुगमन एवम् प्रतिवेदन गर्ने ।
- समाज कल्याण परिषदबाट स्वीकृत भई स्थानीय तहमा कार्यान्वयनमा रहेका गैरसरकारी संस्थाहरुसँग समन्वय गरी संघसंस्थाहरुबाट सञ्चालित परियोजनाहरुको प्रतिवेदन गर्ने ।
- समाजमा रहेका हानिकारक अभ्यासहरु (बालबिवाह, छाउपडी, बोक्सी, दाइजो आदि) को अन्त्यका लागि भए गरेको अभियानहरुमा सहजीकरण तथा यस सम्बन्धमा भएका कार्यहरुको समिक्षा गरी सुझावहरु प्रदान गर्ने ।
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट समय-समयमा दिइने अन्य कार्यहरु ।

(सुरेश श्रेष्ठ)
शाखा अधिकृत

बोधार्थ:
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाण्डौ- *तहाँ मन्त्रालयबाट प्राप्त सक्कल फाईल यसैसाथ संलग्न छ ।*
श्री सूचना प्रविधि शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ – *वेवसाईट मार्फत परिपत्र गर्नुहुन ।*